"परिवर्तनका लागि, सहभागीतामूलक/प्रतिनिधीमूलक नयाँ र उर्जा क्षेत्रको अनुभवी नेतृत्व"

स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था, नेपाल (IPPAN) को

# बरिष्ठ उपाध्यक्ष बलराम खतिवडा समुहको प्रतिवद्धता

**आदरणीय IPPAN का अग्रज तथा मतदाताहरु,**

स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था, नेपाल (IPPAN) उर्जा उत्पादकहरुको साझा छाता संस्था हो । अहिले हामी २१ औं वार्षिक सधासारणभाबाट निर्वाचित भएर एक कार्यकाल पुरागरी ईप्पानको २४ औं साधारणसभाको सम्मुखमा छौं । ईप्पानको २१ औं साधारणसभामा संस्थाको पुनरसंरचनाको विषय सँगै नयाँ पुराना सदस्यहरुलाई समेटेर संस्थालाई प्रभावकारी रुपमा अगाडि बढाई सञ्चालन गर्न सबैलाई समेट्न विधानमा रहेको बरिष्ठ अध्यक्ष स्वतह अध्यक्ष बन्ने र बरिष्ठ उपाध्यक्ष हुन एक कार्यकाल पदाधिकारी भएको हुनुपर्ने र पदाधिकारी हुन एक कार्यकाल सदस्य भएको हुनुपर्ने व्यवस्था खारेजीको लागि व्यापक आवाज उठेकोले सो मागलाई सम्बोधन गर्न साधारणसभाको हलले संस्थाको विधान संसोधन/पुर्नलेखन गर्न र संस्थालाई बढी सहभागीतामूलक/प्रतिनिधीमूलक र उच्च मर्यादा कायम गरी नयाँ ढाँचामा लैजान सल्लाहकार भनुभक्त पोखरेलको संयोजकत्वमा विधान संसोधन तथा पुर्नलेखन मस्यौदा समिति बनाएर विधान संसोधन गर्ने प्रतिवदता सहित ईप्पानको वर्तमान नेतृत्व चयन भएको थियो । तर बर्तमान कार्यसमितले तिन बर्षसम्म यो मुद्दालाई थाति राखेर पुरानै विधानबाट निर्वाचन गर्नेगरि २४ औं साधारणसभा आह्वान गरेको छ ।

ईप्पानको २१ औं साधारणसभाबाट बनेको विधान मस्यौदा समतिले पटक पटक ईप्पानको कार्यसमिति, सल्लाहकार र उर्जा उद्यमीहरु सँग व्यापक छलफल तथा परामर्श गरेर बदलिदो परिस्थितीमा ईप्पानलाई महासंघीय ढाँचामा लान उयुक्तहुने सुझाव सहितको प्रतिवेदन पेश भएको २३ औं साधारण सभाले सो प्रस्ताव सर्वसम्मतीले पारित गर्दै ६ महिना भित्र ईप्पानलाई महासंघमा लगेर एक वर्ष भित्र अधिवेशन गरिसक्ने जिम्मेवारी कार्य समितिलाई दिएको थियो ।

इप्पानको संसोधित बिधान २०७८ मा कार्यसमिति सम्बन्धी भएका व्यवस्थाहरुको सम्वन्धमा मिति २०८०।०२।३२ मा सम्पन्न संस्थाको २१ औ वार्षिक साधारण सभामा बहुमत सदस्यहरुबाट नै व्यापक विरोध भै खारेज गर्न ठूलो मतले आवाज उठीसके पछि, सबैलाई समेट्न बरिष्ठ अध्यक्ष स्वतह अध्यक्ष नबन्ने, अध्यक्ष हुन एक कार्यकाल कार्य समितीमा भएको हुनुपर्ने तथा पदाधिकारी हुन खुला हुनुपर्ने सभाको मकसद बमोजिम उक्त व्यवस्थाहरुलाई संसोधन गर्न साधारण सभाको थलोबाट नै विधान संसोधन/पुर्नलेखन गर्न र संस्थालाई बढी सहभागीतामूलक/प्रतिनिधीमूलक र उच्च मर्यादा कायम गरी नयाँ ढाँचामा लैजान यस संस्थाका सल्लाहकार श्री भानुभक्त पोखरेलज्यू संयोजक रहनु भएको ५ सदस्यीय विधान संसोधन तथा पुर्नलेखन मस्यौदा समिति गठन भएको र उक्त समितिको प्रतिवेदनले प्रचलित विधान संसोधन गर्न लाग्नु भन्दा छाता संगठनको रुपमा महासंघमा रुपान्तरण गर्ने सम्बन्धमा बिस्तृत प्रतिवेदन पेश गरी २०८३ आषाढ ३१ मा सम्पन्न २३ औं वार्षिक साधारण सभामा सर्व सम्मतीले अनुमोदन गरिसके पछि, साधारण सभाको निर्णय विपरित कार्य समितिले २०७८ सालको पुरानै विधानबाट कार्य समितिको निर्वाचनगर्ने गरि २४औ साधारणसभा आह्वान गरेको छ । जसले सम्पुर्ण सदस्यको मताधिकारको अवमुल्यन गरेर साधारणसभाको निर्णयलाई कार्यान्वयन नगरेर संस्थाको लोकतान्त्रीक अभ्यासबाट विमुख गर्नेकाम भएको छ ।

अझ स्पष्ट रुपमा भन्दा संस्थाले साधारण सभाले पारित गरेको एजेण्डा कार्यान्वय नगराउन अध्यक्षलाई प्रभावमा पार्ने साथीहरु नै अहिले कार्यसमितिको पदाधिकारीमा उमेद्धारी घोषणाले संस्थागत सुशानको धज्जी उडाएको छ । कुनैपनि संस्थाको सर्बोच्च थलो साधारणसभाले सर्वसम्मतीले गरेको निर्णयलाई कार्यान्वयन नगर्ने कामको नेतृत्व गरिरहेका साथिहरु आफ्नो पदको आकांक्षा राखेर साधारणसभामा उमेद्धारी सहित पुन : मत माग्न समेत सुवाउँदैन । हामीले साधारणसभाको निर्णय कार्यान्वयनको विषय उठाउँदा पदको आकांक्षा सँग जोडिने साथिहरुको कारणले निर्वाचनको घोषणा अगाडि नै विधानको विषय टुंगो लगाएर मात्रै निर्वाचनमा जाने विषयमा अवरोध भै रहेको छ । हामीले विगत देखि नै ईप्पानको पुनरसंरचनासँगै संस्थागत परिवर्तनको माग उठाईरहेको तर कार्यसमितिमा बसेर साधारणसभाको निर्णय कार्यान्वयन नगराउने साथिहरुको बहुमतको दम्भको कारणले सफल नभएको समेत स्पष्ट गर्न चाहन्छौ । यो स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था, नेपाल (IPPAN) सबैको साझा संस्था बनाउने भन्दा सिमित व्यक्तीहरुको क्लब बनाउने मानिसकताका कारणले भएको हो ।

तर हामीले सशक्त, प्रभावकारी, परिवर्तनशिल सबैलाई समेट्ने अजेण्डा उठाएपछि ईप्पान प्रति सबै उर्जा उत्पादकहरुको चासो बढेर यसै वर्ष मात्रै करिब २५० भन्दा धेरै नयाँ आयोजना/कम्पनीहरुले सदस्यता लिएर अहिले ६८१ मतदाता भएका छन । ईप्पानको २३ औं वार्षिक साधारण सभाले पारित गरेको संस्थाको विधान कार्यान्वयन सोहि अनुसार मात्रै निर्वाचन गनुपर्ने विषय उठाउँदा संस्थाको मिति २०८३ साल जेष्ठ २५ गतेको बैठकबाट बरिष्ठ उपाध्यक्ष स्वतह अध्यक्ष नहुने र पदाधीकारीमा उमेद्धारी दिन कार्यासमितिको सदस्य भएकोहुन नपर्ने निर्णय भएको प्रेश विज्ञप्ती निकाल्न अध्यक्षलाई लगाउनु भयो । तर निर्वाचनको लागि टिम घोषणा पुरानो कार्यसमिति सदस्य रहेकालाई मात्रै पदाधिकारी राखेर पुरानै ईप्पान बनाउने मनसायले प्यानल बनाएर उम्मेदवारी घोषणा गरेपछि उहाँहरु विधान संसोधन प्रस्ताव ईमान्दार नदेखिएपछि हामीले बाध्यभएर बर्तमान महासचिब बलराम खतिवडाको नेतृत्वमा नयाँ सदस्यहरुलाई समेत पदाधिकारीमा समेटेर ईप्पानलाई सबैको साझा, सशक्त, प्रभावकारी र एकताबद्ध संस्था बनाउने प्रतिवद्धता सहितको परिवर्तन लागि सहभागितामूलक/प्रतिनिधीमूलक नयाँ र उर्जा क्षेत्रको अनुभवी नेतृत्व लिएर आएका छौं ।

**आदरणीय उर्जा उद्यमीज्यूहरु,**

हामी परिवर्तन र समृद्दीका लागि व्यवसायिक मर्यादालाई कायम राख्दै, आगामी कार्यकालमा निम्न कार्यहरु गर्ने लिखित प्रतिबद्धता गर्दछौं । तसर्थ यस समूहलाई विजयी बनाई ईप्पानको संस्थागत विकास, सुशासन एवं सम्पूर्ण उर्जा उद्यमीहरुको व्यवसायिक प्रगती तथा उर्जा क्षेत्रको समग्र विकासका लागी यहाँहरु सामु हार्दिक अपिल गर्दछौं ।

**क. ईप्पानसँग सम्वन्धितः**

१. ईपानलाई उर्जा उत्पादकहरुको साझा छाता संस्थाको रुपमा विकास गर्न सम्पूर्ण उर्जा उद्यमीहरुलाई ईपानमा आवद्ध गरी, व्यवसायिक एकता सुदृढ र वलियो बनाई संस्थालाई प्रभावकारी रुपले अगाडि बढाउन उर्जा क्षेत्रका सबै प्रवर्धक कम्पनीहरुलाई ईप्पानको सदस्य बनाउने अभियान सञ्चालन गर्ने ।
२. ईप्पानमा आवद्ध सबै उर्जा प्रबर्धक कम्पनीहरुका समस्या तथा गुनासा सुन्न संस्थाको कार्यालयमा हेल्पडेस्कको स्थापना गरि समाधानको पहल गर्नुका साथै सदस्यहरुका समस्या समाधानमा गरेको प्रयास र प्रगतिको समिक्षा गर्न त्रैमासिक रुपमा साधारण सदस्यहरुका विच समिक्षा वैठकहरुको आयोजना गर्ने ।
३. संस्थाको कामलाई प्रभावकारी बनाउन आवश्यकता अनुसार कार्यसमिति सदस्य, सल्लाहकार, साधारण सदस्य, जलश्रोत, उर्जा, ईन्जीनियरिङ्ग, अर्थशास्त्र, बाणिज्यशास्त्र, कानुन, वातावरण लगायतका

आवश्यक क्षेत्रका विज्ञलाई समेटेर विभिन्न समिति तथा उपसमितिहरु बनाई व्यवस्थित सचिवालय निर्माण गर्ने ।

४. संस्थाको व्यवसायिक कामलाई प्रभावकारी बनाउन, संस्थाका सदस्यहरुको क्षमता अभिवृद्धि गर्न आवश्यक राष्ट्रिय तथा अन्तराष्ट्रिय सेमिनार तथा सम्मेलनहरु आयोजना गर्ने तथा संस्थाको तर्फबाट सहभागी हुने ।

५. उर्जा क्षेत्रमा विद्यमान भैरहेका प्रशासनिक कार्य, नियम, कानुन, आयोजना निर्माण, डिजाईन आदी सम्वन्धित विषयमा अध्ययन अनुसन्धान गरी सोका निष्कर्षहरु प्रकाशन गर्ने र सोको कार्यान्वनको लागि सम्वन्धित निकायसँग समन्वय गरी उर्जा क्षेत्रमा लगानी मैत्रि वातावरण बनाउने ।

६. ईप्पानको कार्यालयलाई मिडिया मैत्री बनाउँदै जलश्रोत तथा उर्जाका क्षेत्रमा कृयाशिल पत्रकारहरुको क्षमता अभिवृद्धि गर्न सञ्चारकर्मीहरुसँगको समन्वयमा तालिम तथा सेमीनारको आयोजना गर्ने ।

७. ईप्पानको सचिवालयलाई व्यवस्थीत तथा प्रभावकारी रुपमा सञ्चालन गर्ने र ३ वर्ष भीत्र संस्थाको आफ्नै भवन निर्माण वा खरिद गर्ने ।

**ख) सरकारसँग सम्वन्धित,**

१. विद्युत उत्पादनसँग प्रत्यक्ष सरोकारवाला सरकारी निकायहरु, उर्जा मन्त्रालय, विद्युत नियमन आयोग, विद्युत विकास विभाग र नेपाल विद्युत प्राधिकरण लगायतसँगको सम्वन्धलाई संस्थागत एवं व्यवसायिक सम्वन्धमा रुपान्तरण गर्दै १० वर्षमा ३० हजार मे.वा. उर्जा उत्पादनको सरकारी लक्ष्यमा हातेमालो गर्ने ।

२. विद्युत उत्पादनसँग अप्रत्यक्ष सम्वन्ध राख्ने वन तथा वातावरण मन्त्रालय, भुमिसुधार मन्त्राल, अर्थ मन्त्राल, रक्षा मन्त्रालय, उद्योग मन्त्रालय, नेपाल राष्ट्र बैक, नेपाल धितोपत्र बोर्ड, वन विभाग, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, सम्बन्धित स्थानीय निकाय लगायतहरुसँग संस्थागत एवं व्यवसायिक सम्वन्ध विकास गर्ने र उर्जा उत्पादन सम्वन्धी काम र निति निर्माणमा सहजीकरण तथा समन्वयको भूमिका निर्वाह गर्ने ।

३. उर्जा उत्पादनसँग सम्वन्धीत सरकारले गठन गर्ने विभिन्न आयोग, बोर्ड, समितिहरु तथा लगानी प्रवर्धन बोर्ड र ने.वि.प्रा. आदीमा ईप्पानको तर्फबाट सुनिश्चित सहभगिताको लागि सक्रिय भूमिका निर्वाह गर्ने ।

४. सरकारले घोषणा गरेको **'उर्जा खपत तथा निर्यात रणनीति २०८३'** मा र **'नेपाल सरकारको आ.व. २०७३/०८३'** मा को निति तथा कार्याक्रमका समावेशभए बमोजिमको व्यवस्थाको कार्यान्वयनको लागि सरकारलाई  ठोस सुझाव दिने र सरकार भन्दा एक कदम अगाडि रहेर विद्युत विधेयक, जलश्रोत विधेयक, बन ऐन, राष्ट्रिय निकुञ्ज ऐन, कम्पनी ऐन, धितोपत्र सम्वन्धी ऐन, बिमा सम्वन्धी ऐन तथा नियमहरु बनाएर कार्यान्वयको लागि सरकार समक्ष सुझाव पेश गर्ने जस्ता कार्य गर्ने ।

५. ने.वि.प्रा. मा विद्युत खरीद विक्री सम्झौता (PPA) को लागि आवेदन गरेको  १६,००० मे.वा. भन्दाबढी आयोजनाको PPA तत्काल खुलाउनको लागि ठोस कदम चाल्ने ।

६. संघिय सरकार, प्रदेश सरकार, स्थानिय सरकार लागयत सबै सरकारी एवं अन्य सरोकारवाला निकायहरुसँग समन्वय गर्ने ।

७. विद्युत क्षेत्रमा लगानी मैत्री वातावरण बनाउन विद्युत आयोजना निर्माण तथा सञ्चालन लागि सहज बनाउन सनसेट ल लगायतका अन्य ऐन, नीति नियम कानून बनाउन आवश्यक गृहकार्य सहित पहल कदमी लिने ।

८. विद्युत प्रशारणमा लाईन निर्माणमा भएको लगानीको समस्याहरुलाई दृष्टिगत गरी BT, BOT, BOOT, SVP, TSA मोडलमा राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रसारण लाईन तथा सवस्टेशनहरु निर्माणको लागि निजी क्षेत्रलाई दिन सरकारलाई सुझाव र दवाव दिने ।

९. विद्युत प्रशारणमा लाईन निर्माणका लागि आवश्यक बजेट व्यवस्थापन गर्न सरकारलाई दवाव दिने ।

१०. विद्युत उर्जाको आन्तरिक खपत एवं बजार विस्तारको लागि वितरण लाईनको सुधार, विद्युतको प्रयोग, विद्युतीय सवारी साधनको प्रयोगमा विस्तार गर्न सरकारलाई आवश्यक नीति निर्माणका लागि नेपाल सरकारसँग हातेमालो गरि अघि बढ्ने ।

११. विद्युत व्यापारको अनुमती निजी क्षेत्रलाई तत्काली दिन सरकारसंग पहल गर्ने ।

१२. नेपाल विद्युत प्राधिकरणले सम्झौता अनुसार निर्माण गर्नुपर्ने विद्युत प्रसारण लाईन समयमा सम्पन्न नगरिएका कारणले निजी क्षेत्रका जलविद्युत आयोजनाहरुबाट खेर गएको विद्युतको रकम भुक्तानीको लागि पहल गर्ने ।

१३. PPA मा  भएका असमान सम्झौताहरु अध्ययन गरी संशोधनका लागि प्रशासनिक तथा कानूनी कदमहरु अगाडि बढाउने ।

१४. विद्युत खरिद विक्री सम्झौतामा उल्लेख भए अनुसार ने.वि.प्रा.को कारणले प्रसारण लाईन Outage हुँदा उत्पादनमा भएको क्षती वापतको रकम मासिक विलमा समायोजन गर्न ठोस कदम चाल्ने ।

१५. विद्युत खरिद विक्रि सम्झौतामा उल्लेख भएको Take or Pay को व्यवस्थालाई अक्षरस लागू गर्न पहल दिने ।

१६. ने.वि.प्रा. को प्रसारण लाईनको ढिलाई,र सरकारी जग्गा उभोग तथा रुखकटान अनुमतीमा अवरोध, बाढी पहिरो, जेनजी आन्दोलन, स्थानीय अवरोध, पेट्रोलीय पदार्थको मुल्यबृद्धी लगायतका कारणले आयोजना निर्माणमा भएको ढिलाईलाई दृष्टीगत गरी सबैको ३ बर्ष RCOD थप गर्न दवाव मूलक कार्यक्रम गर्ने ।

**ग) बैंक, वित्त तथा विमा**

१. राष्ट्र बैंक तथा अर्थ मन्त्रालय सँग आवश्यक छलफल गरी बैंक तथा वित्तिय संस्थाले प्रवाह गर्ने कुल ऋणको न्युनतम् २० प्रतिशत उर्जा क्षेत्रमा अनिवार्य लगानी व्यवस्थालाई निरन्तरता दिन दवाव मूलक कार्यक्रम गर्ने ।

२. राष्ट्र बैंक तथा अर्थ मन्त्रालय सँग आवश्यक छलफल गरी नेपालको हरित उर्जाको विकासको लागि विशेष ऋण/ अनुदानको व्यवस्था गर्न पहल गर्ने ।

३. विदेशी वित्तीय संस्था तथा अन्तराष्ट्रिय पूँजी लगानी गर्ने संघसंस्थाहरुबाट हरित उर्जामा सहुलियत पूर्ण व्याजमा ऋण लगानी तथा शेयर पुँजी भित्र्याउने नीतिगत व्यवस्थागर्न सरकारसँग हातेमालो गर्ने ।

४. निर्माण तथा सञ्चालनमा रहेका विद्युत आयोजनाहरुको लागि वीमा कम्पनी तथा पुर्नविमा कम्पनीबाट सहुलियतपुर्ण मुल्यमा अधिकतम सेवा पाउने बनाउनको लागि विमा समिति र विमा कम्पनीहरुसँग आवश्यक छलफल गर्ने ।

५. नेपाल धितोपत्र बोर्डबाट जलविद्युत कम्पनीको प्राथमिक शेयर निश्कासन IPO को लाइमा रहेका कम्पनीहरु तत्काले IPO खुलाउन र दोहोरो आईजिन हटाउन सरकारलाई दवाव दिने ।

६. आयोजना निर्माण सम्पन्न भए पश्चात आयोजना बैक तथा वित्तीय संस्थाले निर्माणको लागि करार सम्झौता गर्दा लिइएको व्यक्तिगत जमानत स्वतः फिर्ता हुने व्यवस्थाका लागि गृहकार्य गर्ने ।

**ग) राष्ट्रिय तथा अर्न्तराष्ट्रिय सम्बन्ध**

१. उर्जा क्षेत्रमा लगानी मैत्री वातावरण तयार गर्न तथा उर्जा क्षेत्रका भित्रिएका आधुनिक प्रविधिको प्रवर्धन गर्न, स्वच्छ उर्जा उपभोगमा वृद्धि गर्न सरकारी निकायको नेतृत्वमा उर्जा सम्मेलन र उर्जा प्रर्दशनीहरुको आयोजना गर्ने । यस्ता सम्मेलनका मार्फत उर्जा क्षेत्रको विकासमा देखिएको समस्याको पहिचान गरि उर्जा क्षेत्रमा लगानीको वातावरण तयार गर्न आवश्यक नीति तथा कार्यक्रमहरुको अध्ययन गरी समग्र देशको उर्जा क्षेत्रलाई आत्मनिर्भरता बाटोमा लान हातेमालो गर्ने ।

२. ईप्पानमा आवद्ध सदस्यहरुलाई विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय सभा, सेमिनार, गोष्ठी, सम्मेलन र प्रदर्शनीहरुमा सहभागी गराउने त्यसबाट ज्ञान र अनुभवको आर्जन हुने वातावरण मिलाउने ।

३. छिमेकी मुलुकहरुसँग विद्युत व्यापार तथा विद्युत आदान प्रदानका लागि अध्ययन गरि नीतिगत व्यवस्था गर्न नेपाल सरकारसँग हातेमालो गर्ने ।

४. व्यवसायिक हितको लागि नेपाल उद्योग बाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्वर अफ कमर्श जस्ता व्यवसायिक संस्थाहरुसँग सहकार्य गर्ने ।

५. पेशागत संस्थाहरु जस्तै नेपाल ईन्जीनियरिङ्ग एसोसिएसन, नेपाल टनेलीङ्ग एसोसिएसन, नेपाल पत्रकार महासंघ, नेपाल बार एसोसिएसन लागयतका संस्थाहरुसँग छलफल र अन्तरकृया गर्ने ।

६. संसदमा रहेको राजनीतिक दलसँग नेपालमा उर्जा विकासको अवस्था, संभावना र गर्नुपर्ने काम सँगै लगानी मैत्री निति निर्माणको लागि छलफल तथा अन्तरकृया कार्यक्रम सञ्चालन गर्ने ।

## हाम्रा उमेद्धारहरु

१. बरिष्ठ उपाध्यक्ष - श्री बलराम खतिवडा, वर्तमान कार्य समितिको महासचिव
(ABP Energy Pvt. Ltd., Atlas Energy Pvt. Ltd., Barah Multipower Limited)

२. उपाध्यक्ष - श्री भरत बहादुर खत्री, वर्तमान कार्य समितिको उपाध्यक्ष
(Aarati Power Co. Ltd., Energy Venture (P) Ltd., Himal Dolakha Hydropower Co. Ltd., Dynamic Power Pvt. Ltd(

३. उपाध्यक्ष - श्री भरत प्रसाद नेपाल, वर्तमान कार्य समितिको सचिव
(Mount Everest Power Development Pvt. Ltd.)

४. उपाध्यक्ष - श्री कुमार खरेल
(Arris Energy Pvt. Ltd., Silk Power Pvt. Ltd., Surya Energy Pvt. Ltd.)

५. उपाध्यक्ष - ई. दिपक पौडेल, दुगड ग्रुप

६. उपाध्यक्ष (महिला) - श्री सिर्जना खड्का, अपि ग्रुप

७. महासचिव - श्री प्रकाशचन्द्र दुलाल, वर्तमान कार्य समितिको उपमहासचिव
( Chariman; Eastern Energy Pvt. Ltd., Fresh Water Energy Public Limited, Snowfall Hydropower Pvt. Ltd., Wonders Energy Pvt. Ltd. Managezing Directoir Phedikhola Hydropower Co. Ltd., Super Palung Hydropower Pvt. Ltd. (Prakash Solution Pvt. Ltd.),)

८. सचिव - श्री कृष्ण प्रसाद घिमिरे, माछाखोला
(Bikash Hydropower Co. Ltd.)

९. सचिव - श्री तारा बहादुर इस्बो लिम्बु
(Topkegola Hydropower Pvt. Ltd., Wounders Hydro Pvt. Ltd.)

१०. सचिव - ई. बिरेन्द्र बहादुर मल्ल, कालंगा खोला
(Rangun Khola Hydropower Pvt. Ltd.)

११. सचिव (महिला) - श्री संगीता धमला
(Harmony Initiatives Pvt. Ltd.)

१२. सचिव - श्री इशा श्रेष्ठ, वर्तमान कार्य समितिको सदस्य
(Nilgiri Khola Hydropower Co. Ltd.)

१३. कोषाध्यक्ष - ई. मिथुन पौडेल, वर्तमान कार्य समितिको सदस्य
(Devdhunga Malika Hydropower Company Pvt. Ltd.)

१४. सदस्य - श्री सोमनाथ कडेल
(Himali Hydro Fund Ltd., S.K. Energy Development P. Ltd., Sampada Energy Pvt. Ltd.)

१५. सदस्य - डा. भुषण गुरागाई, न्यादी ग्रुप

(Chairperson- Barun Hydropower Company Ltd., Shuvam Power Limited )

१६. सदस्य - श्री सन्तोष राज नेपाल,
(Expert Hydro Investment Pvt. Ltd., Siddhi Hydropower Co. Ltd., Expert Hydro)

१७. सदस्य - श्री मिलन खड्का
(Arun Valley Hydropower Development Co. Ld.)

१८. सदस्य - श्री जगदिश शिवाकोटी
(Water Energy Solution Pvt. Ltd.)

१९. सदस्य - सि.ए. नारायण कडेल
(Baglung Power Pvt. Ltd., Doodh Pokhari Chepe Hydropower Pvt. Ltd., Narayan Power Pvt. Ltd., Rurugad Power Company Pvt. Ltd.)

२०. सदस्य - श्री सुकुन्द ओझा, सानिमा ग्रुप

२१. सदस्य (महिला) - श्री ज्योति गैरे, गोल्यान ग्रुप

२२. सदस्य (महिला) - श्री इन्दिरा पन्त
(Green Gorkha Energy Ltd., Kalinchowk Hydropower Ltd.)

२३. सदस्य - श्री प्रदिप ओली
(Syarpu Power Company Ltd.)